# श्री इन्भेष्टमेन्ट एण्ड फाईनान्स कम्पनी लिमिटेड
## (वित्तिय संस्था) को
## तेह्रौ वार्षिक साधारण सभा बस्ने सुचना

(प्रथम पटक प्रकाशित मिति २०६४।०८।१३)

मिति २०६४ आश्विन २९ गते मंलबारको दिन बसेको यस कम्पनिको सञ्चालक समितिको १३० औं बैठकको निर्णय अनुसार कम्पनिको १३ औं वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पुर्ण शेयरधनि माहानुभावहरुलाई उपस्थित हुन अनुरोध गर्दछ ।

### साधारण सभा बस्ने मिति, स्थान तथा समय

मिति : २०६४ साल पौष १३ गते शुक्रवार (तद अनुसार डिसेम्बर २८, २००७)

स्थान : रसियन कल्चर सेन्टर ,कमलपोखरी काठमान्डौ

समय : बिहान १० बजे (उपस्थिती पुस्तीका बिहान ९ बजे देखि खुला रहने छ ।

### छलफलका विषय सूची

१. तेह्रौं वार्षिक साधारण सभा सञ्चालक समितिको तर्फबाट अधयक्षज्युको वार्षिक प्रतिवेदन प्रस्तुत ।

२. लेखापरिक्षण प्रतिवेदन. २०६४ साल आषढ मसान्तसम्को वासलात तथा २०६३ साल श्रावण १ गते देखी २०६४ साल आषढ मसान्तसम्मको नाफा नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण पारित गर्नै ।

३. संस्थापक शेयरधनिहरुको तर्फबाट प्रतिनिधित्व गर्ने "क" समुहका संञ्चालक पद ४ र साधारण शेयरधनिहरुको तर्फ बाट प्रतिनिधित्व गर्ने "ख" समुहका सञ्चालन पद २ को निर्वाचन गर्ने ।

४. संञ्चालक समितिको सिफारिस गरे बमोजिम आ.व. २०६३।६४ को बोनश शेयर विशेष प्रस्ताव र ४:१ को अनुपातमा हकप्रद शेयर तथा नगद लाभांश अन्तिम वितरण गर्न साधारण प्रस्ताव अनुमोदन गर्ने ।

५. लेखापरीक्षण समितिको सिफारिसमा आ.व. २०६४।०६५ को लागि लेखापरिक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने । लेखापरिक्षक श्री एन कृष्णस्वामि आगामि बर्षको लेखापरिक्षणकोलागी योग्य रहनुभएको जानकारी गराईन्छ ।

६. विविध ।

### द्रष्टव्य–

तह्रौं वार्षिक साधारणसभालाई ध्यानमा राखी कम्पनिको शेयर दाखिल खारिजको काम मिति २०६४।०८।२१ देखि २०६४।०९।१३ सम्म बन्द रहने छ ।

सञ्चालक समितिको आज्ञाले

कम्पनी सचिव

# साधारणसभा सम्बन्धी सामान्य जानकारी

१) शेयरधनी महानुभावहरुलाई शेयर लगत कितावमा कायम रहेको ठेगानामा संक्षिप्त वार्षिक आर्थिक विवरण पठाईनेछ ।

२) बार्षिक साधारण सभामा भाग लिन तथा मतदान गर्न ईच्छुक शेयरधनि महानुभावहरुले आफ्नो कुनै एक सक्कल शेयर प्रमाण पत्र वा परिचय खुल्ने प्रमाण पत्र अनिवार्य रुपमा साथ लिई सभामा भाग लिन आउनु हुन अनुरोध गरिन्छ ।

३) साधारणसभामा भाग लिनको लागि प्रोक्सी ल्याउने व्यक्ती यस कम्पनिको शेयरधनि मध्यबाटै हुनुपर्नेछ । प्रोक्सी (प्रतिनिधिपत्र) सभा हुनु भन्दा ७२ घण्टा अगावै यस कम्पनिको केन्द्रीय कार्यलयमा दाखिला भैसकेको हुनुपर्दछ ।

४) नाबालक शेयरवालाहरुको तर्फबाट नाबालकको कानुनबामोजिमको संरक्षकले सभामा भाग लिन मतदान गर्न वा शेयरवालाहरु मध्यबाटै अन्य व्यक्ति लाई प्रतिनिधि नियुक्ति गर्न पाउनेछन । तर संरक्षकको हैसियतले निज स्वयं साञ्चालक पदमा उम्मेदवार हुन पाउने छैनन् ।

५) संयुक्त रुपमा शेयर खरिद गरिएको अवस्थामा लागत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्ती वा सर्वसम्मतबाट प्रतिनिधि नियुक्त गरिएको एक व्यक्तिले मात्र सभामा भाग लिन र मतदान गर्न पाउनेछन ।

६) कुनै व्यक्तिले एक भन्दा बढि व्यक्तिलाई प्रोक्सी दिएको भए रितपुर्वकको पहिलो दर्ता हुन आएको प्रोक्सी सदर गरि अरु प्रोक्सी रद्द हुनेछ ।

७) प्रतिनिधि नियुक्त गरिसक्नुभएको शेयरधनि आफैं नियुक्त भई आफुले दिएको प्रतिनिधि पत्र वदर गरि आफैले मतदान गर्न निर्वाचन अधिकृत समक्ष निवेदन दिएमा उक्त प्रतिनिधि पत्र (प्रोक्सी) स्वतः बन्द हुनेछ ।

८) प्रोक्सी पेश गर्नु हुने शेयरधनी महानुभावहरुले आफुले दिने प्रोक्सी शेयरवालाहरुको नाम प्रमाणपत्र नम्बर र शेयर कित्ता सिलसिलेवार रुपमा उल्लेख भएको सुचि तयार गरि पेश गर्नु पर्नेछ ।

(९) समुह “ख” बाट संचालकमा उमेदवार हुन चाहने समुह (ख) का शेयरधनीले आफ्नो नाममा कम्तिमा १०० कित्ता शेयर लिएको हुनु पर्नेछ ।

१०) निर्वाचन सम्बन्धि कार्यक्रम निर्वाचन अधिकृतले कम्पनिको सुचनापाटीमा सुचना प्रकाशित गरे अनुसार हुनेछ ।

११) यस कम्पनिको निर्वाचन विनियमावाली २०६४ शेयरधनिहरुले कम्पनिको केन्द्रीय कार्यलय, शेयर विभाग बाट तोकिएको शुल्क तिरी प्राप्त गर्न सक्नु हुनेछ ।

१२) छलफलको बिषय अन्तर्गत विविध शिर्षक सम्बन्धमा शेयरधनि महानुभावहरुले छलफल गर्न चाहानु भएको विषय बारे साधारणसभा हुनु भन्दा कम्तीमा सात दिन पहिले कम्पनिको केन्द्रीय कार्यलय मार्फत कम्पनिको अध्यक्षलाई लिखित रुपमा जानकारी दीनुपर्छ ।

१३) शेयरधनिहरुबाट उठेका प्रश्न, जिज्ञासा वा मन्तब्यहरुको सम्बन्धमा सञ्चालक समितिको तर्फ बाट अध्यक्ष वा अध्यक्षबाट अनुमति प्राप्त व्यक्तीले जवाफ दिनु हुनेछ ।

१४) सुरक्षाको दृष्टिबाट शेयरधनि माहानुभावहरुलाई सभास्थल आउँदा छाता, झोला वा अन्य कुनै बस्तु सकेसम्म नलिई आउनहुन अनुरोध गरिन्छ । सभा अवधिभर स्थलमा रहेका सुरक्षाकर्मीले आवश्यक देखेमा सुरक्षा जाँच गर्न सक्ने हुँदा निजहरुलाई सो कार्यमा सहयोग गरि दिन हुन अनुरोध गरिन्छ ।

नोट -

कम्पनी ऐन २०६३ अनुसार बार्षिक आर्थिक विवरण सञ्चालक समितिको प्रतिवेदन र लेखापरिक्षण प्रतिवेदन शेयरधनिहरुले निरीक्षण गर्न वा प्राप्त गर्न चाहनु भएमा कम्पनिको केन्द्रीय कार्यालयबाट उपलब्ध गराउन सकिने व्यहोरा समेत जानकारी गराईन्छ ।

## श्री इनभेष्टमेन्ट एण्ड फाइनान्स कं. लि. (वित्तीय संस्था)

डिल्लबिजार, गुरुजुको चौर, पो.ब.नं.-१०७१७, काठमाडौं
फोन-४४२२०३८,४४२३१४६,४४१५३४४,फ्याक्स - ९७७-१-४४२१७७९
शाखा कार्यालय - हिमालयरोड, महेन्द्रचोक, विराटनगर ।
फोन नं.-०२१-५२३०९२,५२१७९१
E-mail : shreefin@websurfer.com.np/info@shreefinance.com
w w w . s h r e e f i n a n c e . c o m